

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्नें छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २५६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज १० गते बुधबार ❑ 27 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## चिकित्सकमाथि आक्रमण गर्नेविरुद्ध कडा कारबाही हुन्छ : उपप्रधानमन्त्री श्रेष्ठ

**रासस**
काठमाडौं, ९ असोज

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले चिकित्सकमाथि दुर्व्यवहार र आक्रमण गर्नेमाथि कडा कारबाही गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

गृह मन्त्रालयमा आज स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेत, नेपाल मेडिकल काउन्सिल, नेपाल चिकित्सक सङ्घलगायत स्वास्थ्यकर्मीसँग सम्बन्धित सङ्घसंस्थाका प्रतिनिधिसँगको छलफलमा उहाँले स्वास्थ्यकर्मीलाई दुर्व्यवहार र कुटपिट हुन नदिइने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

"चिकित्सकको चासो र चिन्ता पूरा गर्न सरकार प्रतिबद्ध छ, मुलुकमा विधिको शासन लागू हुन्छ, चिकित्सक र स्वास्थ्यकर्मीलाई सुरक्षित वातावरणमा काम गर्ने व्यवस्था सरकारले मिलाउँछ", उहाँले भन्नुभयो । चिकित्सकमाथि दुर्व्यवहार र आक्रमण गर्नेलाई तत्काल नियन्त्रणमा लिएर कारबाही प्रक्रिया अगाडि बढाइएको जानकारी दिँदै उहाँले आन्दोलनरत चिकित्सकलाई बिरामीको सेवामा फर्कन आग्रह गर्नुभयो । "चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि शारीरिक आक्रमणको घटना भएका छन् । त्यसमा संलग्नलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षासम्बन्धी ऐनअनुसार कारबाही अगाडि बढ्छ", उहाँले भन्नुभयो, "त्यसमा कुनै प्रकारको द्विविधा नराख्न र कानूनी कारबाहीको प्रक्रिया अगाडि बढाउन मातहतको निकायलाई कडा निर्देशन जारी भइसकेको छ ।"

छलफलमा स्वास्थ्यमन्त्री बस्नेतले चिकित्सकमाथि दुर्व्यवहार र आक्रमणको घटना बढ्दै जाँदा अराजक स्थिति सिर्जना हुने भएकाले बेलैमा सावधानी अपनाउन आवश्यक रहेको बताउनुभयो । उहाँले चिकित्सक तथा स्वास्थ्यकर्मीलाई सुरक्षित वातावरणमा काम गर्ने अवस्था सिर्जना गर्न उपप्रधानमन्त्री श्रेष्ठको नेतृत्वमा सरोकारवालासँग छलफल गरिएको बताउनुभयो । नेपाल चिकित्सक सङ्घका अध्यक्ष डा अनिल कार्कीले सरकारले चिकित्सकको अभिभावकत्व ग्रहण गर्नुपर्नेमा जोड दिँदै ढुक्क भएर काम गर्ने वातावरण बनाइदिनुपर्ने बताउनुभयो । उहाँले चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि आक्रमण गर्नेलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐनअनुसार कारबाही गर्न आग्रह गर्नुभयो । नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा भगवान कोइरालाले कुनै पनि वहानामा चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि दुर्व्यवहार तथा स्वास्थ्यसंस्थामाथि आक्रमण गर्नेमाथि कडा कारबाही हुनुपर्ने बताउनुभयो ।

यसैगरी छलफलले देशभरका विभिन्न स्थानमा चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि भौतिक आक्रमण गर्नेलाई कडा कारबाही गर्ने निष्कर्ष निकालेको छ । बैठकले स्वास्थ्य क्षेत्रजस्तो संवेदनशील पेसामा रहेका व्यक्तिमाथि कुटपिट गर्नेलाई चिकित्सक तथा स्वास्थ्यकर्मी एवं स्वास्थ्यसंस्थाको सुरक्षासम्बन्धी ऐनअनुसार कारबाही गर्ने र त्यसका लागि मातहतका निकायमा सर्कुलर जारी गर्ने निर्णय गरेको छ ।

यस्तै बैठकले देशभरका अस्पताल र स्वास्थ्य संस्थामा चिकित्सक, स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा भौतिक आक्रमण गरेको अवस्था तथा चिकित्सक र स्वास्थ्यकर्मीबाट उपचारका क्रममा कमजोरी गरेको भए कारबाही गर्ने ऐनको प्रावधानका बारेमा सबै स्वास्थ्य संस्थामा जानकारीमूलक सूचना पाटी राख्ने निष्कर्ष निकालेको छ । यसको समन्वय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्नेछ ।

"कुनै उपचाररत बिरामीको पक्षलाई ठीक ढङ्गले उपचार नभएको वा कमजोरी भएको भन्ने लाग्यो भने त्यसबारेमा अनुसन्धान गर्ने ठाउँ छ, बिरामी पक्षका तर्फबाट उजुरी गर्‍यो भने अनुसन्धान हुन्छ, चिकित्सक तथा स्वास्थ्यकर्मीबाट गल्ती भएमा कारबाही हुने प्रावधान सोही ऐनमा छ", उपप्रधानमन्त्री श्रेष्ठ भन्नुभयो, "त्यसो नगरी स्वास्थ्यकर्मीमाथि भौतिक आक्रमण वा स्वास्थ्य संस्थामाथि आक्रमण गर्‍यो भने त्यही ऐनको प्रावधानअनुसार कारबाही र सजाय हुनसक्ने छ भन्ने व्यहोराको जानकारी छिट्टै स्वास्थ्य मन्त्रालयले राख्नेछ ।"

छलफलमा उपप्रधानमन्त्री श्रेष्ठ, स्वास्थ्यमन्त्री बस्नेत, गृहसचिव दिनेश भट्टराई, स्वास्थ्य मन्त्रालयका निमित्त सचिव, अतिरिक्त सचिव, नेपाल मेडिकल काउन्सिल, नेपाल चिकित्सक संघ, नेपाल नर्सिङ सङ्घ, स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विभिन्न सङ्घसङ्गठनका प्रतिनिधिको सहभागिता थियो ।

## पोखरा सहित गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्र प्रभावित

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असोज

डाक्टर माथि कुटपिट भएको घटनालाई लियर मंगबार पोखरा सहित गण्डकी प्रदेशको स्वास्थ्य सेवा प्रभावित भएको छ ।

पोखराको मणिपाल शिक्षण अस्पताल र जिल्ला अस्पताल लमजुङमा डाक्टर माथि कुटपिट भएको घटनालाई लियर मंगलबारको पोखरा सहित प्रदेशको स्वास्थ्य क्षेत्र प्रभावित हुदा जनताले सास्ती भोग्नु परेको छ । उपचार गराउदै गरेका चिकित्सक माथि कुटपिट हुनु निन्दनीय घटना भएको उल्लेख गर्दै नेपाल चिकित्सक संघ गण्डकी प्रदेशले चिकित्सक पेशाको सुरक्षाको ग्यारेन्टी सहित दोषी उपर कारवाही नहुँदासम्म पोखरा सहित गण्डकी प्रदेशका अस्पतालहरुको सेवा प्रभावित हुने चेतावनी दिएको छ ।

नेपाल चिकित्सक संघ गण्डकी प्रदेशका अध्यक्ष डा.राजन शर्माले केन्द्र महासंघको समन्वयको आधारमा बुधबारबाट कस्तो आन्दोलन गर्ने त्यसको बारे तय गर्ने बताउनु भयो । उपचारमा संलग्न चिकित्सकको शान्ति सुरक्षाको प्रत्याभुति सहित दोषी उपर कारर्वाही भए पछि मात्र आफुहरुले आन्दोलन स्थगित गर्ने भएको अध्यक्ष शर्माले बताउनु भयो । आइतबार लमजुङको जिल्ला अस्पतालमा कार्यरत डा.संदिप अधिकारी र पोखराको मणिपाल शिक्षण अस्पतालमा कार्यरत डाक्टर अनिल शाह माथि कुटपिटको घटनालाई लियर संघ आन्दोलिन भएको हो । मंगलबार गण्डकी प्रदेशको सामुदायिक अस्पताल मध्यको सबै भन्दा ठुलो अस्पताल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान( पश्चिमाञ्चल क्षेत्रिय अस्पताल) पोखरा सहित पोखरा क्षेत्रका करिब ३० वटा अस्पतालको सेवा इमर्जेन्सि बाहेक सबै प्रावित भएको छ । गण्डकी प्रदेशका ११ जिल्लामा करिब एक सय ५० भन्दा बढी अस्पताल रहेका छन भने उक्त अस्पतालको सेवा समेत मंगलबार प्रभावित भएको छ ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको मंगलबारको आंसिक सेवा प्रभावित भएको निर्देशक डा.भरत खत्रीले बताउनु भयो । संघले आन्दोलन घोषणा गरे पछि चिकित्सकहरु आन्दोलित भई उपचार गराउन नआउने भए पछि मंगलबार आंसिक सेवा प्रभावित भएको उहाँले बताउनु भयो । दैनिक १ हजार ६ सय सेवाग्राहि आउने अस्पतालमा मंगलबार दिउसो मात्र आन्दोलनको कार्यक्रम सार्वजनिक भएसंगै करिब १ हजार जनाले ओपीडी सेवा लिएको र इमर्जेन्सि सेवा बाहेक अन्य सेवा ठप्प भएको निर्देशक खत्रिले बताउनु भयो ।

पोखरा मणिपाल शिक्षण अस्पतालको बिषयमा जिल्ला प्रशासन कार्यालय कास्कीमा बसेको बैठक विना निष्कर्षमा स्थगित भएको छ । दुबै पक्षलाई मिलाउन खोज्दा आ आफ्नो हठका कारण वार्ता निवा निष्कर्षमा स्थगित भएको कास्कीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताउनु भयो ।

वार्तामा अस्पताल प्रशासनले डाक्टर माथि हातपात गर्ने माथि कारवाही र शान्ति सुरक्षाको प्रत्याभुति हुनु पर्ने माग राख्दा पिडित पक्षको तर्फबाट पक्राउ परेकालाई छाड्नु पर्ने, मृत्यु भएको कारण सत्य तथ्य पत्ता लगाई दोषी उपर कारवाही हुनु पर्ने बिषय उठेको थियो । लमजुङ शुन्दर बजारकी ५७ बर्षीया सुकमाया दुराको उपचारकै क्रममा सोमबार मणिपालमा करिब ३:०० बजे मृत्यु भए पछि पिडितका आफन्तले घटनाबारे सोधपुछ गर्दा विभाद उत्पन्न भएसंगै अस्पतालमा दुबै झडप भएको थियो ।

अस्पतालमा झडपको स्थिती आए पनि सोमबार ठुलो सङ्ख्यामा सुरक्षाकर्मी खटाइएको थियो । आफै हिडेर अस्पताल पुगेकी बिरामीको मृत्यु भएको कारण माग्दा अस्पताल प्रशासनले दादागिरी देखाएको पिडितका आफन्त नविन लामाले आरोप लगाउनु भयो । उच्च रक्तचापका कारण उपचार गर्न आएकी बिरामीको अस्पतालले आफुखुसि शल्यकृया गरी औषधि दिएको लामाले दाबी गर्नु भयो । घटनाको बिषयमा अस्पतालका संचालक नारायण पौडेलले पिडितका आफन्तहरुले अस्पतालका डा.अनिल शाह माथि हातपात भएको बताउनु भयो ।

उक्त घटनाको बिषयमा कानून बमोजिम दोषी उपर कारवाही गर्न उहाँले माग गर्नु भयो । पोखरा ५ मालेपाटनका ३४ बर्षका विनय गुरुङलाई प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता एवं डिएसपी श्रवण कुमार बि.क.ले बताउनु भयो । अस्पतालका स्वास्थ्यकर्मी तथा बिद्यार्थी र पिडित बिच झडप हुँदा अस्पतालमा उपचार गर्न पुगेका विरामी तथा उनका कुरुवाहरु समेत त्रसित हुनु भएको थियो ।

## पर्यटनको अथाह सम्भावना भएर पनि पछाडि परेको पोखरा २२ को मार्की, सिम्ले, पात्ले

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असोज

पोखराको मुख्यबजार क्षेत्रबाट नजिकै रहेको पोखरा २२ को मार्की, सिम्ले, पात्ले लगायतको क्षेत्रमा पर्यटनको अथाह सम्भावना भएर पनि बत्ती मुनिको अध्यारो भएको स्थानीयले गुनासो गर्नु भएको छ ।

४४ औं विश्व पर्यटन दिवसको अवसरमा मार्की, सिम्ले,पात्ले पदयात्रा कार्यक्रममा सहभागि हुन उक्त क्षेत्रमा पुगेको एक जम्बो टोली समक्ष स्थानीय देविलाल लामिछानेले पर्यटकीय र दृश्यावलोकनको हिसावले निकै महत्वपूर्ण पर्यंटनको आकर्षणको केन्द्र सो क्षेत्र अझै पनि बत्ती मुनिको अध्यायारो जस्तो हुनु परेको गुनासो गर्नु भएको हो । मार्गी धर्मडाँडा टोल बिकास संस्थाका संयोजक समेत रहनु भएका लामिछाने पर्यटकीय हिसावले निकै मनमोहक उक्त क्षेत्रमा भए पनि पर्यटकीय गतिविधि नहुँदा स्थानिय कृषि कर्ममै व्यस्त हुनाले आफुहरु पछि परेको बताउनु भयो । सो क्षेत्रका जनताको लागि फेवाताल माथि क्षेत्रमा सेल्फी पुल निर्माण गर्न आवश्यक भएको उहाँहरुको माग रहेको छ । हाल आफुहरु धेरै बर्ष खनेको कच्ची सडकबाटे प्रयोग गर्नु परेकोले सडक स्तरउन्नती समेत हुन आवश्यक भएको लामिछानेले बताउनु भयो ।



मंगलबार आफ्नो गाँउमा पदमार्ग प्रमोशन गर्न भन्दै आएको टोलीलाई स्थानीय मार्ग दर्शक आमा समूह, संसारीमाई आमा समुहले मार्कीमा फुल मालाले स्वागत गर्नु भएको थियो । राउन्ड फेवा, भ्यू फेवा २ देखि ३ घण्टाको छोटो दुरीको उक्त पदमार्गमा लगानी गरी पदमार्गका पर्यटकहरुको आगमनमा बृद्धि गर्न सके आफुहरुले पर्यटनबाट आर्थिक लाभ लिन सक्ने लामिछानेले बताउनु भयो ।

गण्डकी प्रदेशका सांसद प्रकाश बराल, प्रदेश नीति योजना आयोगका उपाध्यक्ष डा.कृष्णचन्द्र देवकोटा, मुख्यमन्त्री तथा मत्रिपरिषद कार्यालयका सचिव विनोद कुवंर, आर्थिक मामिला मन्त्रालयका सचिव बिष्णुप्रसाद शर्मा, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव कुमानसिंह गुरुङ, पोखराका पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठ, टान गण्डकी प्रदेशका अध्यक्ष अध्यक्ष धर्मराप पन्थी, पर्यटन व्यवसायी, विभिन्न संघ संस्थका प्रतिनिधिहरु टोलीमा सहभागि भएको टानका सचिव तिर्थराज सुवेदीले बताउनु भयो । उक्त पदमार्गबाट दृश्यावलोकनको दृष्टीले निकै मनमोहन फेवाताल, पोखरा, माछापुच्छे, अन्नपूर्ण, माछापुच्छ्रे लगायतका हिमश्रृखला अवलोकन गर्न सकिने उपयुक्त छोटो गन्तव्य हुन सक्ने प्रदेश नीति योजना आयोगका उपाध्यक्ष डा.कृष्णचन्द्र देवकोटाले बताउनुभयो । उपाध्यक्ष देवकोटाले राउण्ड फेवा भ्यू फेवाको प्रमोशन गर्न प्रदेश सरकारले लगानी गर्न सुरू गरेको बताउनु भयो । प्रदेश सांसद प्रकाश बरालले राउन्ड फेवा भ्यू फेवा जस्तो नारा उस्तै प्रकृतिको पद मार्ग बनाउन सुझाव दिनु भयो । फेवातालको तीन तहका सरकारको समन्वय गरि ५ देखि ८० मिटरसम्म आवश्यकताको आधारका मापदण्ड कायम गरी यसको विवाद अन्त्य गर्नु पर्ने बताउनु भयो । उधोग पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव कुमानसिंह गुरुङले नजिकको ठाउँमा भएको यस्ता पदमार्गको प्रमोशन गर्नु पर्नेमा जोड दिनु भयो । सहज र छिटो पदमार्गमा बढी पर्यटक भित्राउन पर्यटन बिदाको समय यस्ता पदमार्गमा आकर्षण गर्नु पर्ने सुझाव दिनु भयो ।

पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले यस पदमार्गको प्रमोशन गर्न आवश्यक भएको बताउनु भयो । बुधबार विश्व पर्यटन दीवस पर्यटक स्वागत गर्ने, बेलुका मिनी सडक महोत्सव हुने उहाँको भनाई छ । परिषदका पूर्व अध्यक्ष गणेश बहादुर भट्टराईले पर्यटन बचाउन वातावरण जोगाउनु पर्नेमा जोड दिनु भयो । ड्याम साईडबाट पुम्दी भुम्दी हुँदै पन्चासेसम्मको लामो दुरीको पदमार्ग जोड्न उहाँले आग्रह गर्नु भयो । टानका अध्यक्ष धर्मराज पन्थी पदयात्रामा सहभागिले प्लास्टिकजन्य बस्तु स्वयम् आफैले व्याबस्थापन गर्नु पर्ने बताउनु भयो । टानका प्रथम उपाध्यक्ष कृष्ण आचार्यले पदमार्ग विस्थापित भएको अबस्थामा छोटो दुरीका पदमार्गको प्रमोशन गर्न आवश्यक भएको बताउनु भयो । सो क्षेत्र प्राकृतिक रूपमा मनोरम दृश्यावलोकनको उत्कृष्ट गन्तव्य हुने उहाँले बताउनु भयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बिनु र तारालाई मिना सिर्जनशील समावेशी पुरस्कार

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असोज



मिना सिर्जनशील समावेशी पत्रकारिता पुरस्कारबाट पत्रकारद्वय बिना कुमारी थापा 'बिनु' र बाल कुमारी पौडेल 'तारा' सम्मान गरिने भएको छ ।

गण्डकी प्रदेशका पूर्व सांसद, उद्यमी तथा समाजसेवी मिना गुरुङले स्थापना गरी नेपाल पत्रकार महासंघ कास्कीले सञ्चालन गरेको पुरस्कारबाट पत्रकार बिनु र तारा सम्मानित हुन लागेका हुन् । छनोट समितिले सिफारिस गरेको नाम महासंघ कास्कीको मंगलबार बसेको बैठकले अनुमोदन गरेको सचिव माधव बरालले जानकारी दिए । संयोजक पुण्य पौडेल, सदस्यहरु दुर्गा अधिकारी, दीपक परियार, विमला भण्डारी र माधव बरालको छनोट समितिले उक्त पुरस्कार २०७९ का लागि बिनु र २०८० का लागि ताराको नाम सिफारिस गरेको हो । उक्त पुरस्कारको राशी नगद २० हजार १ सय ११ रुपैयाँरहेको छ । असोज १२ गते एक कार्यक्रम आयोजना गरी पुरस्कार अर्पण गरिने सचिव बरालले जानकारी दिए । सम्मानित हुन लागेका पत्रकार बिनु हाल पोखरा टेलिभिजनमा कार्यरत छिन् । २०६८ सालमा गण्डकी टिभीमा मगर भाषाको समाचार बाचिकाबाट पत्रकारिता सुरु गरेकी बिनुले कान्तिपुर दैनिक, फेवा टेलिभिजन र गोर्खाली रेडियोमा पनि काम गरिसकेकी छिन् । हाल उनी नेपाल आदिवासी जनजाति पत्रकार महासंघ कास्की शाखाकी उपाध्यक्ष र नेपाल मगर पत्रकार संघ कास्कीकी अध्यक्ष छिन् । यस्तै पत्रकार तारापौडेलले २०६८ सालमा यूनाइटेड राष्ट्रिय दैनिकबाट पत्रकारिता सुरु गरेकीहुन् । उनी हाल सिटी पोखरा डटकमको सञ्चालक/सम्पादकभएर काम गरिरहेकी छिन् । यस भन्दा अघि उनले रेडियो नेपाल, रेडियो सफलता, रेडियो जननी, विगएफएम, रेडियो आकाशवाणी, ईसांग्रिला डटकम, टप नेपाल न्यूज डटकममा काम गरिसकेकी छिन् । उनले नेपाल वातावरण पत्रकार समूहद्धारा सञ्चालित टेलिभिजनमार्फत प्रसारित भएको कार्यक्रम नयाँ पुस्तामा पनि काम गरेकी थिइन् ।

नेपाल पत्रकार महासंघको गण्डकी प्रदेश परिषद सदस्य, खेलकुद पत्रकार मञ्च गण्डकीको साधारण सदस्य, अनलाइनपत्रकार संघ गण्डकीको संस्थापक सचिव, सञ्चारिक समुह गण्डकीमा सदस्य भएर काम गरेकी तारा प्रेस चौतारी नेपाल कास्कीकी उपाध्यक्ष हुन् ।

# म्याद गुर्जिएका सामान बिक्री गर्ने 'डिपार्टमेन्टल स्टोर्स'लाई जरिवाना

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असोज

पोखरामा बजार अनुगमनका क्रममा म्याद सकिएको सामान बिक्री गर्ने गरेको पाइएपछि रत्नचोकमा अवस्थित मीनबहादुर शेरचन स्टोर्सलाई रु एक लाख जरिवाना गराइएको छ ।

जिल्लास्तरीय बजार अनुगमन समिति कास्कीले बजार अनुगमनलाई निरन्तरता दिने क्रममा सोमबार पोखराका विभिन्न पसलको अनुगमन गरेको थियो । म्याद गुज्रेका सामान बिक्री गरी उपभोक्तामाथि ठगी गरेको पाइएपछि अनुगमन समितिले मीनबहादुर शेरचन स्टोर्सलाई सो रकम जरिवाना गराएको सहायक प्रमुख जिल्ला अधिकारी एवं अनुगमन समितिका संयोजक गुरुदत्त ढकालले बताउनुभयो । उहाँका अनुसार सो स्टोर्सबाट पाँच लिटर १२ ग्यालिन तोरीको तेल लेबलिङ नभएको, मिट मसला दुई प्याकेट, चिकेन क्रेकर १० कार्टुन, चिजवल १५ प्याकेटलगायतका करिब रु २८ हजार नौ सय ६० बराबरको म्याद गुज्रेको सामान नष्ट गरिएको छ । यसैगरी दालको लेवल नलगाएको, नुनको गोदाममा सरसफाइ नगरेको भन्दै चेतावनीसमेत दिएको छ । स्टोर्सका सञ्चालक दीपक शेरचनलाई कागजपत्र लिएर तीन दिनभित्र जिल्ला प्रशासन कार्यालय कास्कीमा उपस्थित हुन निर्देशन दिइएको सहायक प्रजिअ ढकालले जानकारी दिनुभयो ।

त्यसैगरी पोखरा-३ पालिखेचोकमा रहेको गौरव ट्रेडर्सले म्याज गुर्जेको १८ किलो रङ्गीन डुम्री, नरिवल, ललिपापडलगायतका सामग्री नष्ट गरी सो स्टोर्सका सञ्चालकलाई रु १० हजार जरिवाना गरिएको छ । त्यसैगरी सोही स्थानमा रहेको रेशमलाल श्रेष्ठको पसलमा अनुगमन गरी म्याद गुज्रेको ११ किलो सुजीसहित नष्ट गरी सो पसलको बोर्ड राख्न र दर्ता नवीकरण गरेर मात्र सञ्चालन गर्न निर्देशन दिएको छ । सो पसललाई रु पाँच हजार जरिवानासमेत तोकेको छ । यी पसललाई पनि उपभोक्ता हित संरक्षण ऐनको दफा ३८ बमोजिम सम्पूर्ण कागजपत्रसहित तीन दिनभित्र जिल्ला प्रसाशन कार्यालय कास्कीमा उपस्थित हुन समितिले निर्देशन दिएको छ ।

जिल्ला प्रशासन कार्यालय कास्की र पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय पोखराको संयुक्त अगुवाइमा गरिएको अनुगमनमा उपभोक्ता मञ्च कास्की, खाद्य तथा गुण नियन्त्रण कार्यालय पोखरा, गुणस्तर तथा नापतौल कार्यालय, जिल्ला प्रहरी कार्यालय र सञ्चारकर्मीको उपस्थिति रहेको थियो । समितिले आइतबार पोखराको मुख्य बजार चिप्लेढुङ्गामा रहेको भागिरथ स्टोर्समा अनुगमन गर्दा म्याद गुर्जिएका सामग्री बिक्री गरेर उपभोक्तालाई ठगी गरेको पाइएपछि सो पसललाई रु ५० हजार जरिवाना गरेको थियो ।

# डेङ्गु सङ्क्रमित बढेपछि प्रदेश सरकारबाट चिकित्सक परिचालन

**पोखरापत्र संवाददाता**
दमौली, ९ असोज

विगत केही समयदेखि दमौलीमा डेङ्गुका बिरामी बढेपछि गण्डकी प्रदेश सरकारले पाँच स्वास्थ्यकर्मी दमौली अस्पताललाई उपलब्ध गराउने भएको छ ।

दमौली अस्पतालमा डेङ्गुसँग मिल्दोजुल्दो लक्षण भएका बिरामी उपचारका लागि आउने गरेको र अस्पतालमा स्वास्थ्यकर्मीको अभाव भएपछि प्रदेश सरकारले पाँच जना स्वास्थ्यकर्मी परिचालन गरेको हो । प्रदेश सरकारबाट एक जना एमडिजिपी चिकित्सकसहित पाँच जना स्वास्थ्यकर्मी दमौली अस्पतालमा उपलब्ध गराउन लागिएको दमौली अस्पतालका प्रमुख डा परिवर्तन बरालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "प्रदेश सरकारका अतिरिक्त सङ्घीय सरकारबाट पनि चिकित्सकको टोली आउने कुरा भएको छ । डेङ्गु नियन्त्रणका लागि सङ्घ, प्रदेश सरकार, जनप्रतिनिधि गम्भीर भएर लागेको र सोहीअनुसार प्रतिबद्धता आएको छ ।" डा बरालका अनुसार सोमबारसम्म अस्पतालमा छ सय ४६ जनाको परीक्षण गरिएकामा चार सय ३६ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको छ । ज्वरो आएर अस्पताल आउनेको सङ्ख्या बढेको बताउँदै उहाँले सोमबार राति मात्रै ४२ जना इमर्जेन्सीमा भर्ना भएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "उहाँहरू आज बिहानै डिस्चार्ज भइसक्नुभएको छ । अस्पतालमा बिहानको समयमा भीड हुने गरेको छ । जनचेतनाका कारण ज्वरो आउने बित्तिकै बिरामी अस्पताल आउन थाल्नुभएको छ । यो सकारात्मक पक्ष हो ।"

# ईन्टर कलेज व्याण्ड कम्पिटिसनका दर्शकलाई एनटिसीको सिम निःशुल्क वितरण गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असोज

पोखरामा हुने ईन्टर कलेज व्याण्ड कम्पिटिसन हेर्न जाने दर्शकलाई निःशुल्क सिम वितरण गरिने भएको छ ।

पोखरा सांगीतिक कलाकार संघको आयोजनामा यहि असोज १२ र १३ गते हुने सो प्रतियोगिता हेर्न जाने दर्शकलाई नेपाल टेलिकमको सिम निःशुल्क वितरण गरिने भएको हो । दर्शकले काटेको टिकटको आधारमा सिम वितरण गरिने पोखरा सांगीतिक कलाकार संघका अध्यक्ष हर्कराज गुरुङ (भाई)ले जानकारी दिए । सिम वितरणका लागि नेपाल टेलिकमले स्टल राख्ने उनको भनाई छ । सिममा व्यालेन्स कति हुन्छ भन्नेबारेमा भने नेपाल टेलिकमले निर्णय गरिसकेको छैन ।

प्रतियोगितामा करीब २५ टिमले प्रतिष्पर्धा गर्ने संघका सचिव भाष्करध्वज श्रेष्ठले जानकारी दिए । फारम भर्ने क्रम सकिएर अहिले डिजिटल अडिसनका लागि व्याण्डहरुले पठाएको भिडियो हेरेर छनौट गर्ने काम भइरहेको उनले बताए । प्रतिष्पर्धाका लागि संघले यसअघि फारम भर्नका लागि आह्वान गरेको थियो ।

प्रतियोगिता असोज १२ र १३ गते पोखरा प्रदर्शनी केन्द्र परिसरमारहेकोडोममाआयोजना हुँदैछ । प्रतियोगितामा कक्षा ८ देखि माथि स्नातकोत्तरसम्म अध्ययनरत विद्यार्थीहरुको व्याण्ड सहभागि हुन पाउने प्रावधान रहेको छ ।

प्रतियोगिताका लागि सहभागि हुन चाहने कलेज व्याण्डहरुले फारम भरेपछि डिजिटल अडिसनका लागि भिडियो पठाएका छन् । त्यहि भिडियोका आधारमा दोश्रो चरणका लागि व्याण्डहरु छनौट हुने संघका अध्यक्ष हर्कराज गुरुङ (भाई)ले बताए । त्यसमा छनौट भएकाहरु सेमीफाईनलमा प्रवेश गर्ने र फाईनल प्रवेशका लागि पुनः प्रतिष्पर्धा गर्नुपर्ने उनले स्पष्ट पारे ।

फाईनल राउण्डमा प्रवेश गरेकाहरुले गरेको प्रस्तुतीका आधारमा प्रथम, द्वितीय र तृतीय घोषणा गरिने उनले जानकारी दिए । उनका अनुसार व्याण्डहरुले कभर सङ्ग मात्रै गाए पुग्छ । प्रतियोगिताको उपाधि बिजेतालाई नगद १ लाखसहित प्रमाणपत्र, उपबिजेतालाई नगद ५० हजार र तेश्रो हुनेलाई नगद २५ हजारसहित प्रमाणपत्र प्रदान गरिने क्लवका सचिव भाष्करध्वज श्रेष्ठले जानकारी दिए । त्यस्तै, प्रतियोगितामा उत्कृष्ट भोकल, लिड गिटार, रिदम गिटार, बेस गिटार र उत्कृष्ट ड्रमरलाईपनि नगद ५/५ हजारसहित प्रमाणपत्र प्रदान गरिने उनले बताए ।

पोखराको सांगीतिक माहोल तताउँदै व्याण्डहरुलाई पुनःजागृत गराउने उद्देश्यले ईन्टर कलेज व्याण्ड कम्पिटिसन गर्न लागेको पोखरा सांगीतिक कलाकार संघले जनाएको छ । प्रतियोगिताले विद्यालयमा अध्ययनरत विद्यार्थीमा लुकेर रहेका प्रतिभाको उजागर गर्नुका साथै विद्यालयमा सांगीतिक माहोल सिर्जना गर्नका लागि वातावरण बनाउने उनको भनाई छ ।

प्रतियोगिताले संगीतको माध्यमबाट सुस्ताएको पर्यटन उकास्न भूमिका खेल्ने संघका उपाध्यक्ष टोपबहादुर खत्री (कान्छादाई)ले बताए ।


## कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा-१३, बाँझापाटन, कास्की
फोन नं. ०६१-५८३८११, ५९०६७३, ९८५६०६६८११

## १५ औं वार्षिक साधारण सभा तथा छैठौं अधिवेशन बस्ने बारेको सूचना

आदरणीय शेयर सदस्य महानुभावहरु,
उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०८०/०५/२५ गते बसेको संचालक समितिको २४४औं बैठकको निर्णय अनुसार निम्न मिति, समय र स्थानमा १५ औं साधारण सभा तथा छैठौं अधिबेशन तपसिलका प्रस्तावहरु उपर बिस्तृत छलफल गरि निर्णय गर्न यहाँहरुको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**कार्यक्रम तालिका :**
मिति : २०८० साल आश्विन २८ गते आइतबार घटस्थापना ।
समय : बिहान ९.०० बजेदेखि ।
स्थान : मार्फा थकाली समाज सेवा सदन, पोखरा–१२, चापापानी ।

**छलफलका विषयहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत ।
२. संचालक समितिको तर्फबाट सचिवज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत ।
३. संचालक समितिको तर्फबाट कोषाध्यक्षज्यूको आ.व. २०७९/०८० को वित्तीय प्रतिवेदन तथा आ.व. २०८०/०८१ को बजेट प्रस्तुत ।
४. लेखा सुपरिवेक्षण समितिको तर्फबाट लेखा संयोजकज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत ।
५. माथि उल्लेखित अध्यक्ष, सचिव, लेखा संयोजक को प्रतिवेदन तथा कोषाध्यक्षको प्रतिवेदन एवं आ.व. २०८०/०८१ को बजेट उपर छलफल गरि पारित गर्ने ।
६. शेयर लाभांश कोषको रकम वितरण सम्बन्धी निर्णय पारित गर्ने ।
७. संरक्षित पुँजी फिर्ता कोषको रकम वितरण सम्बन्धी निर्णय पारित गर्ने ।
८. विनियम संसोधन सम्बन्धमा ।
९. आर्थिक वर्ष २०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने ।
१०. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि शेयर सदस्यहरु मध्येबाट १२ जना प्रतिनिधि चयन गर्ने ।
११. निर्वाचन सत्र – निर्वाचन समितिबाट नयाँ संचालक समिति र लेखा सुपरिवेक्षण समितिको चयन ।


अधिबेशन सम्बन्धी सम्पूर्ण जानकारी कार्यालयको सूचना पार्टीमा असोज–१२ गते टाँस गरिने छ । उपस्थित शेयर सदस्यज्यूहरुलाई नास्ता, खाना र यातायात खर्चको व्यवस्था गरिएको छ ।

*(नोट : शेयर सदस्यका छोराछोरीहरु मध्ये २०७९ सालको कक्षा ८, एस.ई.ई. र कक्षा १२ मा उत्कृष्ट ३/३ जना, स्तातक र स्नातकोत्तरमा विशिष्ट श्रेणी प्राप्त गर्ने तथा एमफिल र पि.एच.डी. गर्ने शेयर सदस्य वा छोराछोरीहरु सबैलाई सम्मान गर्ने कार्यक्रम राखिएको हुँदा आश्विन १९ गतेभित्र कार्यालयमा सम्पर्क गरि लब्धाङ्क पत्र पेश गर्नुहोला ।)*

संचालक समितिको आज्ञाले
(इन्द्र बहादुर कुँवर )
सचिव



## कपालको उपचार
### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ
**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

## सम्पादकीय

# चिकित्सकलाई सुरक्षा देऊ

चिकित्सकमाथि पटकपटक आक्रमण हुन थालेपछि देशभरका चिकित्सक आन्दोलनमा उत्रिएका छन । सरकारले नागरिकको सुरक्षा गर्न नसकेको आरोप खेपिरहेको छ । राजनीतिमा अपराधिकरण बढ्दै गएको छ । अपराध गर्नेले उन्मुक्ति पाउने राजनीति हावी हुन थालेको छादेशभरका चिकित्सक सडकमा उत्रने अवस्था राजनीतिक आग्रहले गर्दा भएको हो । चिकित्सक तथा स्वास्थ्यकर्मीहरुमाथि आक्रमणमा संलग्नहरुमाथि स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन २०६६ अनुसार कारबाही गर्ने सरकारले प्रतिवद्धता जनाएको छ । सहमति गर्ने र मणिपाल शिक्षण अस्पताल, पोखरा लगायतका स्थानमा स्वास्थ्यकर्मीमाथि आक्रमण भएपछि चिकित्सकहरु आन्दोलनमा उत्रिएका छन ।

मंगलबार गृह मन्त्रालयमा भएको छलफलमा हरेक स्वास्थ्य सस्थामा उपचारबारे कुनै गुनासो भए उजुरी गर्ने पेटिका राख्ने र कानुन हातमा लिने प्रयास गरे हुने कारबाहीबारे सूचना राख्न पनि सरकार तयार भएको छ । सरकारले गुण्डागर्दी गर्ने साथै अहिले जहाँजहाँ घटना भएको छ, त्यसमा संलग्नहरुलाई ऐन अनुसार नै कारबाही गर्ने उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायण काजी श्रेष्ठ गृह मन्त्रालयमा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेत, नेपाल मेडिकल काउन्सिल, नेपाल चिकित्सक सङ्घलगायत स्वास्थ्यकर्मीसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिसँगको छलफलमा श्रेष्ठले स्वास्थ्यकर्मीलाई दुर्व्यवहार र कुटपिट हुन नदिइने प्रतिबद्धता व्यक्त गरेका छन।जे वोल्छनत्यो गर्दैनन् ।गृहमन्त्रीले भनेको कुरा बहसलाई व्यवस्थापन गरेर लैजान सक्नुपर्छ ।

'चिकित्सकको चासो र चिन्ता पूरा गर्न सरकार प्रतिबद्ध छ, मुलुकमा विधिको शासन लागू हुन्छ, चिकित्सक र स्वास्थ्यकर्मीलाई सुरक्षित वातावरणमा काम गर्ने व्यवस्था सरकारले मिलाउँनुपर्छ । चिकित्सकमाथि दुर्व्यवहार र आक्रमण गर्नेलाई तत्काल नियन्त्रणमा लिएर कारबाही प्रक्रिया अगाडि बढाइएको जानकारी दिँदै उनले आन्दोलनरत चिकित्सकलाई बिरामीको सेवामा फर्कन आग्रह गरे । 'चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि शारीरिक आक्रमणको घटना भएका छन् । त्यसमा संलग्नलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षासम्बन्धी ऐनअनुसार कारबाही अगाडि बढ्छ', उनले भने, 'त्यसमा कुनै प्रकारको द्विविधा नराख्न र कानूनी कारबाहीको प्रक्रिया अगाडि बढाउन मातहतको निकायलाई कडा निर्देशन जारी भइसकेको छ ।'

छलफलमा स्वास्थ्यमन्त्री बस्नेतले चिकित्सकमाथि दुर्व्यवहार र आक्रमणको घटना बढ्दै जाँदा अराजक स्थिति सिर्जना हुने भएकाले बेलैमा सावधानी अपनाउन आवश्यक रहेको बताए । उनले चिकित्सक तथा स्वास्थ्यकर्मीलाई सुरक्षित वातावरणमा काम गर्ने अवस्था सिर्जना गर्न उपप्रधानमन्त्री श्रेष्ठको नेतृत्वमा सरोकारवालासँग छलफल गरिएको बताए । नेपाल चिकित्सक संघका अध्यक्ष डा अनिल कार्कीले सरकारले चिकित्सकको अभिभावकत्व ग्रहण गर्नुपर्नेमा जोड दिँदै ढुक्क भएर काम गर्ने वातावरण बनाइदिने चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि आक्रमण गर्नेलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐनअनुसार कारबाही गर्न दबाब छ ।

नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा भगवान कोइरालाले कुनै पनि वहानामा चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि दुर्व्यवहार तथा स्वास्थ्य संस्थामाथि आक्रमण गर्नेमाथि कडा कारबाही हुनुपर्ने माग छन । दैनिक छलफलले देशभरका विभिन्न स्थानमा चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि भौतिक आक्रमण गर्नेलाई कडा कारबाही गर्ने निष्कर्ष निकालेको छ । बैठकले स्वास्थ्य क्षेत्रजस्तो संवेदनशील पेसामा रहेका व्यक्तिमाथि कुटपिट गर्नेलाई चिकित्सक तथा स्वास्थ्यकर्मी एवं स्वास्थ्यसंस्थाको सुरक्षासम्बन्धी ऐनअनुसार कारबाही गर्ने र त्यसका लागि मातहतका निकायमा सर्कुलर जारी गर्ने निर्णय गरेको छ ।

यस्तै बैठकले देशभरका अस्पताल र स्वास्थ्य संस्थामा चिकित्सक, स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा भौतिक आक्रमण गरेको अवस्था तथा चिकित्सक र स्वास्थ्यकर्मीबाट उपचारका क्रममा कमजोरी गरेको भए कारबाही गर्ने ऐनको प्रावधानका बारेमा सबै स्वास्थ्य संस्थामा जानकारीमूलक सूचना पाटी राख्ने निष्कर्ष निकालेको छ । यसको समन्वय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्नेछ ।

'कुनै उपचाररत बिरामीको पक्षलाई ठीक ढङ्गले उपचार नभएको वा कमजोरी भएको भन्ने लाग्यो भने त्यसबारेमा अनुसन्धान गर्ने ठाउँ छ, बिरामी पक्षका तर्फबाट उजुरी गऱ्यो भने अनुसन्धान हुन्छ, चिकित्सक तथा स्वास्थ्यकर्मीबाट गल्ती भएमा कारबाही हुने प्रावधान सोही ऐनमा छ', उपप्रधानमन्त्री श्रेष्ठले भने, 'त्यसो नगरी स्वास्थ्यकर्मीमाथि भौतिक आक्रमण वा स्वास्थ्य संस्थामाथि आक्रमण गऱ्यो भने त्यही ऐनको प्रावधानअनुसार कारबाही र सजाय हुनसक्ने छ भन्ने व्यहोराको जानकारी छिट्टै स्वास्थ्य मन्त्रालयले राख्नेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : आर्थिक समस्या |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : मन चञ्चल | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# पर्यटन र हरित लगानी

दिपेन्द्र पहारी



४४ औं विश्व पर्यटन दिवस २०२३ को अवसरमा, विश्वव्यापी पर्यटन उद्योगको लागि दिगो र जिम्मेवार भविष्यको आकार दिन हरित लगानीको निर्णायक भूमिकालाई महत्व दिएको छ । "पर्यटन र हरित लगानी" भन्ने नाराका साथ यस वर्षको विश्व पर्यटन दिवसले सरकार, व्यवसाय र यात्रुहरूले पर्यटन क्षेत्रमा पर्यावरणमैत्री अभ्यास र लगानीलाई प्राथमिकतामा राख्नुपर्ने अत्यावश्यक छ ।

पर्यटन उद्योग लामो समयदेखि आर्थिक वृद्धि, सांस्कृतिक आदानप्रदान र मानवीय सम्बन्धका लागि प्रेरक शक्ति भएको छ । यद्यपि, यसको मौसमी वृद्धिले कार्बन उत्सर्जन, वासस्थानको विनाश, र अत्याधिक स्रोतको उपभोग सहित महत्वपूर्ण वातावरणीय चुनौतीहरू पनि जन्माएको छ । यस वर्षको विश्व पर्यटन दिवसले यी नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्न र थप पर्यावरण-सचेत पर्यटन क्षेत्र सिर्जना गर्ने मार्गको रूपमा दिगो, हरित लगानीको महत्त्वलाई जोड दिन्छ ।

**पूर्वाधारमा हरित लगानीः दिगो पर्यटनको लागि आधार निर्माण गर्दै**

यस वर्षको विश्व पर्यटन दिवसको प्राथमिक फोकस मध्ये एक पर्यटन पूर्वाधारमा हरित लगानीको अपरिहार्य आवश्यकता हो । विश्वभरका देशहरू र शहरहरूले पर्यटन-मैत्री मापदण्डहरू पूरा गर्न यातायात प्रणाली, आवास, र पर्यटक आकर्षणहरू परिमार्जन गर्ने आवश्यकतालाई मान्यता दिइरहेका छन् ।

*दिगो यातायातः* यातायातको आधुनिकीकरण र हरितीकरण दिगो पर्यटनको आधारशिला हो । विद्युतीय वा हाइब्रिड सवारी साधनहरूमा लगानी, नवीकरणीय ऊर्जाद्वारा सञ्चालित सार्वजनिक यातायात सञ्जाल, साइकल र पैदल यात्रु पूर्वाधारले पर्यटकहरूको कार्बन फुटप्रिन्ट घटाउन भूमिका खेल्छ । अग्रगामी सोचका सहरहरूले पहिले नै यी परिवर्तनहरू लागू गरिसकेका छन्, यसले यात्रुहरूलाई सानो वातावरणीय प्रभावसँग अन्वेषण गर्न सजिलो बनाउँदैछ ।

*पर्यावरण मैत्री आवासः* आतिथ्य क्षेत्रले उत्साहका साथ हरित लगानीलाई अँगालेको छ । ऊर्जा-दक्ष होटलहरूको निर्माण, नवीकरणीय ऊर्जा स्रोतहरूद्वारा संचालित रिसोर्टहरू, फोहोर न्यूनीकरण र पानी संरक्षण अभ्यासहरू कार्यान्वयन केही उदाहरणहरू हुन् । हरित-प्रमाणित आवासहरू जिम्मेवार आवास विकल्पहरू खोज्ने वातावरणीय सचेत यात्रुहरू बीच बढ्दो लोकप्रिय हुँदैछन् ।

*प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षणः* दिगो पर्यटन पूर्वाधार परियोजनाहरूले स्थानीय इकोसिस्टम र सांस्कृतिक सम्पदालाई संरक्षण र विकास गर्दछ । प्रकृति संरक्षण, दिगो पदयात्रा, र पुरातात्विक संरक्षण पहल जस्ता परियोजनाहरूले वातावरणीय प्रभावलाई कम मात्र गर्दैन तर यात्रुहरूलाई अझ समृद्ध, थप इमर्सिभ अनुभव प्रदान गर्दछ ।

यी हरित लगानीहरूले पर्यटनको नकारात्मक वातावरणीय प्रभावहरूलाई कम गर्न मात्र मद्दत गर्दैन तर समग्र आगन्तुक अनुभवलाई पनि बढाउँछ । यात्रुहरू बढ्दो रूपमा गन्तव्यहरू खोजिरहेका छन् जसले स्थिरतालाई प्राथमिकता दिन्छ, र पर्यावरण-मैत्री पूर्वाधारमालगानीलेयीगन्तव्यहरूलाई प्रभावकारी रूपमा पूरा गर्न सक्षम बनाउँछ ।

**पारिस्थितिक पर्यटन पहलः प्रकृति संरक्षण, समुदाय सशक्तिकरण**

पर्यावरण संरक्षण र स्थानीय जनताको हितमा सुधार गर्ने प्राकृतिक क्षेत्रहरूमा जिम्मेवार यात्राको रूपमा परिभाषित पारिस्थितिक पर्यटन, पर्यटन उद्योगको द्रुत रूपमा बढिरहेको खण्ड हो ।

*जैविक विविधता संरक्षणः* धेरै सरकार र व्यवसायहरूले जैविक विविधताको संरक्षणमा केन्द्रित पारिस्थितिक पर्यटन परियोजनाहरूमा लगानी गरिरहेका छन् । यी पहलहरूले वन्यजन्तु संरक्षण प्रयासहरू, बासस्थान पुनर्स्थापना परियोजनाहरू, र संरक्षित क्षेत्रहरू समावेश गर्दछ । यस्ता लगानीले प्राकृतिक सौन्दर्यको संरक्षण मात्र गर्दैन, रोजगारीका अवसरहरू पनि सृजना गर्न र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउँछ ।

*सामुदायिक संलग्नताः* पर्यटनमा हरित लगानीको आधारभूत पक्ष भनेको स्थानीय समुदायको समावेशीकरण हो । दिगो पर्यटन पहलहरूले प्रायः स्थानीयहरूलाई प्रशिक्षण र रोजगारी समावेश गर्दछ, उनीहरूले पर्यटन उद्योगबाट प्रत्यक्ष रूपमा लाभान्वित हुने सुनिश्चित गर्दै समुदायहरूको सशक्तिकरणले उनीहरूको जीविकोपार्जनमा मात्र सुधार गर्दैन तर उनीहरूको प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षणको लागि स्वामित्व र जिम्मेवारीको भावनालाई पनि बढाउँछ ।

*शैक्षिक पर्यटनः* जिम्मेवार यात्राको महत्व र प्राकृतिक र सांस्कृतिक सम्पदाको संरक्षणको बारेमा पर्यटकहरूलाई शिक्षित गर्नु इको-टुरिजमको महत्वपूर्ण घटक हो । समुदायमा आधारित परियोजनाहरू र शैक्षिक कार्यक्रमहरूमा हरियो लगानीले पर्यटकहरू र उनीहरूले भ्रमण गर्ने समुदायहरू बीच दीर्घकालीन दिगोपन र पारस्परिक समझदारीलाई बढावा दिन्छ ।

**दिगो पर्यटनका लागि डिजिटल समाधानहरूः राम्रोका लागि प्रविधिको प्रयोग**

प्रविधिले पर्यटन क्षेत्रमा हरित लगानीमा निर्णायक भूमिका खेल्छ। डिजिटल समाधानहरूमा भएका प्रगतिहरूले यात्रुहरूका लागि दिगो विकल्पहरू चलाउँदैछन् र व्यवसायहरूलाई उनीहरूको वातावरणीय प्रभावलाई निगरानी गर्न र कम गर्न सक्षम बनाउँदैछन् ।

*जिम्मेवार यात्राका लागि मोबाइल एपहरूः* मोबाइल एपहरूले अब यात्रुहरूलाई उनीहरूको यात्राको क्रममा इको-सचेत निर्णयहरू गर्न सशक्त बनाउँछ । यी एपहरूले पर्यावरण-मैत्री यातायात विकल्पहरू, दिगो भोजन विकल्पहरू, र इको-प्रमाणित आवासहरू बारे जानकारी प्रदान गर्दछ ।



*अनलाइन बुकिङ प्लेटफर्महरूः* अनलाइन बुकिङ प्लेटफर्महरूले इको-प्रमाणित आवास र दिगो यात्रा विकल्पहरू हाइलाइट गरेर स्थिरतालाई अँगालेका छन् । यात्रुहरूले सजिलैसँग जिम्मेवार आवास विकल्पहरू पहिचान गर्न र छनौट गर्न सक्छन्, जसले गर्दा व्यवसायहरूलाई हरित अभ्यासहरू अपनाउन प्रोत्साहन दिन्छ ।

*भर्चुअल पर्यटनः* भर्चुअल पर्यटन अनुभवहरूको वृद्धिले भौतिक यात्राको आवश्यकतालाई कम गरिरहेको छ । यी इमर्सिभ भर्चुअल टुरहरू, प्रायः शैक्षिक तत्वहरूसँग मिलेर, व्यक्तिहरूलाई उनीहरूको घर बाट गन्तव्यहरू पत्ता लगाउछ, जसले गर्दा यात्रासँग सम्बन्धित कार्बन उत्सर्जन कम हुन्छ ।

**निष्कर्षः दिगो भविष्यको लागि कार्य**

हामीले २०२३ मा ४४औँ विश्व पर्यटन दिवसलाई "पर्यटन र हरित लगानी" भन्ने नाराका साथ मनाउने क्रममा विश्वव्यापी पर्यटन उद्योग पूर्वाधारमा हरित लगानी, इको-टूरिज्म पहल, सामुदायिक संलग्नता, र डिजिटल समाधानहरू यात्राको लागि थप दिगो र जिम्मेवार भविष्य सुनिश्चित गर्ने आधारभूत कदमहरू हुन् ।

वातावरणमैत्री अभ्यासहरूलाईप्राथमिकतादिएर, हामीले पर्यटनको नकारात्मक प्रभावहरूलाई कम गर्ने मात्र होइन, विश्वभरका यात्रुहरूलाई स्वागत गर्ने वातावरण र समुदाय दुवैका लागि दिगो फाइदाहरू पनि सिर्जना गर्न सक्छौं । दिगो पर्यटन सम्भव मात्र नभएर हाम्रो ग्रह र भावी पुस्ताको कल्याणका लागि आवश्यक छ ।

# नेपालीको पहुँचबाहिर सिकार

रामबहादुर थापा
गण्डकी, ८ असोज (रासस)

ढोरपाटन विश्वप्रख्यात सिकार गन्तव्य भए पनि नेपालीका लागि भने त्यहाँको सिकार अनुभव लिनु धेरै टाढाको विषय बनेको छ । नेपाली सिकारीलाई लक्ष्य गरी बँदेलको वैधानिक सिकार खुला गरिएकामा आवेदन नै नपर्नुले नेपालीका लागि ढोरपाटन सिकार आरक्षमा सिकार खेल्न सहज छैन भन्ने देखाउँछ ।

लाखौँ रुपैयाँ राजस्व तिरेर गरिने नाउर र झारलको सिकार त नेपालीका लागि झनै पहुँचबाहिर छ । गत आवको पहिलो सिकार याम (असोज-मङ्सिर)मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सिकारमा नेपालीलाई आकर्षित गर्न पहिलोपटक ११ बँदेलको सिकार कोटा तोकेको थियो । उक्त याममा तीन नेपालीले बोलपत्रको प्रक्रियामा भाग लिए पनि पछि सिकार खेल्न भने गएनन् । आरक्षका प्रमुख संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले गत आवको दोस्रो सिकार याम (फागुन-वैशाख)मा पनि बँदेलको सिकार हुन नसकेको बताउनुभयो । चालु आवको पहिलो सिकार याममा पनि बँदेलका लागि नेपाली सिकारीबाट आवेदन नपरेको उहाँको भनाइ छ । नाउर र झारल सिकारका लागि भने यही असोज १८ गतेदेखि विदेशी पेसेवर सिकारी आरक्ष क्षेत्र पुग्दैछन् । "महँगो शुल्क र झन्झटिलो प्रक्रियाका कारण बँदेल सिकारमा नेपालीको रुचि देखिएन", प्रमुख संरक्षण अधिकृत कँडेलले भन्नुभयो, "नेपालीलाई सिकार खेल्न हतियारको पनि समस्या छ ।" विदेशीलाई सिकार खेलाउँदै आएको सिकार कम्पनी ट्र्याक एन्ड ट्रेल्सका प्रतिनिधि दीपक थापाले लामो दूरीमा प्रहार गर्न सक्ने हतियार नेपालीसँग नरहेको बताउनुभयो । "बँदेललाई पछ्याउन गाह्रो हुन्छ, टेलिस्कोपसहितको हतियार चाहिन्छ", उहाँले भन्नुभयो, "नेपालीका लागि शुल्क पनि महँगो भयो, बँदेल सिकार प्रभावकारी हुन सकेन ।" विभागले बँदेलका लागि सिकार आवेदनमा रु पाँच हजार, सिकार अनुज्ञापत्र लिँदा रु १० हजार र एक हप्ताका लागि सिकार ब्लक रिजर्भ गर्दा रु १५ हजार शुल्क तोकेको थापाले बताउनुभयो । "राजस्वबाहेक यातायात, खाना र बासको व्यवस्था गर्नुपर्छ, एउटा बँदेलको सिकार खेल्दा झन्डै रु एक लाख खर्च हुन्छ", उहाँले भन्नुभयो, "सौखिन र खर्च गर्न सक्ने नेपालीलाई पनि बँदेल सिकार त्यति सहज छैन, बँदेल प्रायः साँझ र रातिमा सक्रिय हुने हुँदा ट्र्याक गर्नै गाह्रो हुन्छ, नेपालीसँग आधुनिक हतियार पनि छैन ।" थापाका अनुसार नाउर र झारल सिकार गर्ने विदेशी सिकारीले प्याकेजमा बँदेल पनि सिकार गर्न पाइने भए पनि खासै रुचि नदेखाउने गरेको बताउनुभयो । "विदेशीहरु नाउर र झारलको सिकारका लागि महँगो शुल्क तिरेर आएका हुन्छन्, उनीहरु त्यसमै रमाउँछन्", उहाँले भन्नुभयो, "नेपालीलाई बँदेल सिकारमा आकर्षित गर्ने हो भने शुल्क घटाउनुपर्छ र प्रक्रिया पनि सहज बनाउनुपर्छ ।"

सुरुमा केही नेपाली सिकारीले सिकार खेल्न चाहेको भए पनि पछि सम्पर्कमा नआएको उहाँले उल्लेख गर्नुभयो । सिकार कम्पनीहरुले विभागसमक्ष बँदेलका लागि तोकिएको शुल्क कम गर्नुपर्ने माग गर्दै आएका छन् । नाउर र झारलको महँगो सिकार नेपालीको पहुँचमा नरहेकाले बँदेल सिकारमार्फत आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने ध्येयले विभागले बँदेलको सिकार खुला गरेको प्रमुख संरक्षण अधिकृत कँडेलले बताउनुभयो । बँदेलको व्यवस्थित सिकार हुन सके स्थानीय बासिन्दा र आरक्षबीचको सम्बन्धमा पनि सहजता थपिने विश्वास लिइएको उहाँको भनाइ छ । "बँदेलले किसानको खेतीबाली खाइदिने गर्छ, सिकारले पनि त्यसलाई केही हदसम्म नियन्त्रण गर्न सघाउने ठानिएको छ", उहाँले भन्नुभयो, "वैधानिक रुपमा सिकार गराउँदा राज्यले राजस्व पनि आर्जन गर्छ ।" नाउर र झारल सिकारबाट विभागले बर्सेनि करोडौँ रुपैयाँ राजस्व उठाउँदै आएको छ । आरक्षमा अहिलेसम्म कोही पनि नेपाली वैधानिक सिकारका लागि नपुगेको स्थितिमा विभागले गत वर्ष पहिलोपटक नेपालीलाई लक्ष्य गरि बँदेलको सिकार खुला गरेको थियो । विदेशी पेसेवर सिकारीले मात्र आरक्षमा सिकार खेल्दै आएका छन् । बोलपत्रको प्रतिस्पर्धाबाट छानिएका सिकार कम्पनीले बर्सेनि दुई याममा सिकार खेलाउने गर्छन् ।

नाउर र झारल सिकारका लागि विदेशी सिकारी लाखौँ रुपैयाँ खर्चेर ढोरपाटन पुग्ने गर्छन् । चालु आवको पहिलो सिकार याम (असोज-मङ्सिर)मा एउटा नाउरको न्यूनतम रु पाँच लाखदेखि बढीमा रु १३ लाखसम्म राजस्व बुझाएको आरक्ष कार्यालयले जनाएको छ । झारल सिकारमा भने बढीमा रु पाँच लाखसम्म राजस्व तिर्न कम्पनी तयार भएका थिए । यो याममा विभागले नौ नाउर र सात झारलको सिकार अनुमति दिएको छ । हतियार र बन्दोबस्तीसहित सिकारमा जाने तयारीमा कम्पनी छन् । ट्र्याक एण्ड ट्रेल्सका प्रतिनिधि थापाले आफूहरु कात्तिक पहिलो हप्ता आरक्ष क्षेत्रमा पुग्ने बताउनुभयो । उहाँको कम्पनीमार्फत जमर्न र बेलारुसका सिकारी ढोरपाटन पुग्दैछन् । उनीहरुले तोकिएको सिकार ब्लकमा दुई नाउर र दुई झारलको सिकार खेल्ने कम्पनीले जनाएको छ । सिकारीसहित कम्पनीका प्रतिनिधि, आरक्षका कर्मचारी, पथप्रदर्शक, भरिया लगायतका टोली सिकार ब्लकमा पुग्ने गरेका छन् । आरक्षमा सुर्तिबाङ, फागुने, बार्से, सेङ, दोगाडी, घुस्तुङ र सुनदह गरी सात सिकार ब्लक छन् । आरक्षमा नेपाल ट्राभल एक्पिडिसन, ग्लोबल सफारिज, हिमालयन सफारिज, हिमालयन वाइल्ड लाइफ आउटफिटर, ट्र्याक एन्ड ट्रेल्र्सलगायत सिकार कम्पनीले सिकार खेलाउँदै आएका छन् ।

विदेशीहरु 'हन्टिङ ट्रफी'का लागि नाउर र झारलको सिकार खेल्न आउने गरेको ट्र्याक एन्ड ट्रेल्र्सका प्रतिनिधि थापाले बताउनुभयो । आरक्षमा रतुवा मृग, चरालगायत अरू वन्यजन्तु र पक्षीको समेत सिकार गर्न पाइने भए पनि अहिलेसम्म माग नआएको आरक्ष कार्यालयले जनाएको छ । सौखिन र खर्चिला विदेशी सिकारीको रोजाइमा ढोरपाटन पर्ने गरेको छ । उनीहरु हेलिकप्टर चार्टर गरेर सिकार आरक्ष पुग्छन् । आरक्ष बागलुङ, म्याग्दी र रुकुमको उच्च पहाडी र हिमाली भू-भागमा फैलिएको छ । विसं २०३९ मा स्थापना भएको आरक्ष देशकै एकमात्र वैधानिक सिकार गन्तव्य हो । रोमाञ्चक र साहसिक सिकार पर्यटनका लागि ढोरपाटन विश्वमै प्रख्यात छ ।

# दूध बेचेर करोडौँ गाउँ भित्र्याउँदै किसान

पोखरापत्र संवाददाता
बागलुङ, ९ असोज

जिल्लाका किसानले दूध बिक्री गरेर हरेक वर्ष करोडौँ रुपैयाँ गाउँ भित्र्याउने गरेका छन् । जिल्लाको काठेखोला गाउँपालिका, जैमिनी र बागलुङ नगरपालिकाका किसानले दूध बिक्री गरेर करोडौँ रुपैयाँ गाउँ भित्र्याएका हुन् ।

जैमिनीका किसानले सहकारीमार्फत पर्वत र कास्कीको पोखरामा दूध निर्यात गर्छन् । काठेखोला गाउँपालिका र बागलुङ नगरपालिकाका किसानले बागलुङ दुग्ध उत्पादक सहकारी सङ्घमार्फत बजारमा दूध पुर्‍याउने गरेका छन् । सङ्घबाट यहाँका किसानले एक वर्षमै रु सात करोड ३४ हजार १९ गाउँमा भित्र्याउन सफल भएका हुन् ।

उत्पादित दूध सहकारीमार्फत प्रशोधनसहित बजारीकरण गरी यहाँका कृषकले आम्दानी गरेका हुन् । बागलुङ नगरपालिका र काठेखोला गाउँपालिकाका १४ दुग्ध सहकारीमा आबद्ध किसानले आर्थिक वर्ष २०७९/८० मा सहकारीमार्फत दूध सङ्कलन, प्रशोधन र बजारीकरण गरेर सहरको पैसा गाउँमा पुर्‍याएका हुन् । दूध उत्पादन गर्न सके बजारीकरणको जिम्मा सहकारीले लिने भएकाले आफूजस्ता किसानलाई सहज भएको काठेखोला–८ मा रहेको गाजा दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष मीनप्रसाद कँडेलले बताउनुभयो । काठेखोला–६ स्थित नमूना दुग्ध उत्पादक सहकारी संस्थाका सेयर सदस्यले मात्रै दैनिक तीन सय लिटर दूध सहकारी सङ्घलाई बजारमा पठाउने गरेको किसान बताउँछन् ।

"यो वर्ष हामीले राम्रो दूध उत्पादन गरेका थियौँ, किसानको मेहनत हेरेर राज्यका निकायले पनि सहयोग गर्न जरुरी छ", उहाँले भन्नुभयो, "पशुधनबाट हुने आम्दानीले किसानले जिविका चलाउन सक्ने बनाउनुपर्छ ।" चौधवटा सहकारीका सेयर सदस्य रहेका किसानले गाउँ–गाउँमा सङ्कलन गरेको दूध एकमुष्ट बागलुङ दुग्ध उत्पादक सहकारी सङ्घलाई उपलब्ध गराउने गरेका छन् । बागलुङ दुग्ध उत्पादक सहकारी सङ्घले एक आर्थिक वर्षमा मात्रै १४ सहकारीका सेयर सदस्य किसानबाट रु नौ करोड बढीको दूध खरिद गरेर बिक्री गरेको सहकारीका अध्यक्ष दीपक गौतमले बताउनुभयो । "हामीले सहकारीमा आबद्ध किसानले उत्पादन गरेको दूधको बजार सुनिश्चित गरेका छौँ", उहाँले भन्नुभयो, "पशु बीमा, औषधिलगायतका कार्यक्रम सञ्चालन गरेर किसानलाई सङ्घले विभिन्न तरिकाबाट सहयोग गरिरहेको छ ।" उहाँका अनुसार थोरै दूध उत्पादन गर्ने किसानले बजार टाढा भएकाले समस्यामा पर्ने भए पनि थोरै दूध सहकारीमा जम्मा गरेर सहकारीमार्फत एकमुष्ट बागलुङ बजारमा ल्याउँदा बजारीकरणमा सहज हुने गरेको छ । विसं २०५७ मा स्थापना गर्दा दूध सङ्कलन गरी ल्याउने र बिक्री नभए नालीमा फाल्ने सहकारी अहिले दूधको ब्रान्ड नै बनेको छ ।

सङ्घले स्थापना गरेको दुग्ध उद्योगबाट छुर्पीलगायतका उत्पादन विदेश निर्यातसमेत हुने गरेका छन् । सङ्घमा मात्रै १५ कर्मचारीले प्रत्यक्ष रोजगारी पाएका छन् । सङ्घमा आबद्ध १४ वटा सहकारीका सङ्कलन केन्द्रका कर्मचारी, ढुवानी कर्मचारीलगायतको जनशक्तिको व्यवस्थापन हुँदा ४० जना बढी युवा प्रत्यक्ष–अप्रत्यक्ष रोजगारीमा जोडिएको अध्यक्ष गौतमले बताउनुभयो । दूधलाई एकत्रित गरी ताजा दूध बिक्री गर्ने, बिक्री गरेर बचेको दूधको दुग्धजन्य पदार्थ जस्तैः घ्यू, नौनी, छुर्पी, लस्सी, पनिर र आइसक्रिम बनाएर बिक्री गर्ने काम गर्दै आएको सहकारी सङ्घका प्रबन्धक वैकुण्ठप्रसाद शर्माले जानकारी दिनुभयो ।

सङ्घले किसानको दूधको मूल्य तिरेर बचत भएको रकमबाट किसानको पशु बीमा गर्ने, दूध तथा घाँस ढुवानी गर्ने तथा पशु प्रवर्द्धनात्मक काममा लगानी गर्ने गरेको छ । बागलुङ दुग्ध उत्पादक सहकारी सङ्घमा भण्डै एक हजार पाँच सय किसानले धेरै–थोरै दूध बजारीकरणका लागि पठाउँछन् । सङ्घमा आबद्ध भइसकेका जिल्लाको दक्षिण क्षेत्रका किसानले पनि सहकारीमा आबद्ध भएर करोडौँको दूध बिक्री गर्ने गरेका छन् । सहकारीले एकलरूपमा रु एक करोड बढीको दूध उत्पादन र बिक्री गर्ने गरेको कालीगण्डकी दुग्ध उत्पादक सहकारी संस्था बागलुङ नगरपालिका–१२ अमलाचौरका सचिव रुद्रनाथ शर्माले बताउनुभयो । कालीगण्डकी, नवनमूना, नारायणस्थान, पल्लोपाखा र जैमिनी दुग्ध उत्पादक सहकारीले उत्पादन गरेको दूध पोखरा निर्यात हुने गरेको छ ।

# व्यक्तिगत लगानीमा प्रतीक्षालय निर्माण

पोखरापत्र संवाददाता
बेनी, ९ असोज

म्याग्दीको बेनी नगरपालिका–४ सिंगाको पौडेल चोकमा स्थानीय एक व्यक्तिले रु २१ लाखभन्दा बढी लगानीमा सुविधा सम्पन्न प्रतीक्षालय निर्माण गर्नुभएको छ ।

सिंगा घर भई हाल तारकेश्वर नगरपालिका–१० मनमैजुमा बसोबास गर्दै आउनुभएका ७१ वर्षीय दीनानाथ पौडेलले आफ्ना दिवङ्गत बुबा आमा विष्णुदत्त र हरिकला देवी पौडेलको स्मृतिमा रु २१ लाख ११ हजार पाँच सय ५५ लगानीमा पक्की प्रतीक्षालय निर्माण गर्नुभएको हो । काठमाडौँमा बसोबास रहे पनि गाउँको विकास निर्माण र सामाजिक कार्यमा सक्रिय रहनुभएका पौडेलले बेनी–दरबाङ सडकखण्ड र सिंगाको वडा कार्यालय जाने पौडेल चोकमा पक्की प्रतीक्षालय निर्माण गर्नुभएको वडाध्यक्ष अणबहादुर खड्काले जानकारी दिनुभयो । स्थानीय धौलागिरि माध्यमिक विद्यालयमा रु एक लाख २५ हजार सहयोग गर्नुभएका पौडेलले युवा क्लब, आमा समूहलगायतका स्थानीय सङ्घ संस्थासँग समन्वय गरी सामाजिक र विकास निर्माण योजनामा निरन्तर सहकार्य गर्दै आउनुभएको वडाध्यक्ष खड्काले बताउनुभयो । प्रतीक्षालय निर्माण भएपछि बेनी–दरबाङ सडकखण्डमा आवतजावत गर्ने यात्रु र पैदलयात्रीलाई विश्राम गर्न सहज भएको छ । त्यसैगरी वडा कार्यालय र धौलागिरि माध्यमिक विद्यालय जाने चोकैमा प्रतीक्षालय रहेकाले स्थानीयवासीलाई जमघट गर्न र छलफल गर्न प्रतीक्षालय सहयोगी बनेको छ । जन्मथलोको सामाजिक कार्यलाई निरन्तरता दिने सिलसिलामा आफूले आफ्नै जग्गामा उक्त सार्वजनिक प्रतीक्षालय बनाएको निर्माणकर्ता पौडेलले बताउनुभयो । प्रतीक्षालयमा आउनेहरूलाई शुद्ध खानेपानीको प्रबन्ध मिलाइएको उहाँले जानकारी दिनुभयो ।

# तनहुँमा डेङ्गु सङ्क्रमणबाट तीन जनाको मृत्यु

पोखरापत्र संवाददाता
दमौली, ९ असोज

डेङ्गुको सङ्क्रमणबाट तनहुँमा यसवर्ष तीन जनाको मृत्यु भएको छ । मृत्यु हुने तीनै जना व्यास नगरपालिकाका विभिन्न वडाको रहेका छन् ।

नगरपालिकाको स्वास्थ्य शाखाले दिएको जानकारी अनुसार गत असार १६ गते व्यास –१० का ३५ वर्षीय युवा, यही असोज २ गते व्यास–११ का १५ वर्षीय युवा र यही असोज ८ गते व्यास –२ का १३ वर्षीया बालिकाको डेङ्गु सङ्क्रमणबाट मृत्यु भएको हो । नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले विगत केही समयदेखि दमौलीमा डेङ्गुको सङ्क्रमण बढ्दो अवस्थामा रहेको बताउनुभयो । कुल बिरामी सङ्ख्या एक हजार छ सयमध्ये एक हजार तीन सय ५० बिरामी नगरपालिकाको रहेको जनाइएको छ ।

दमौली अस्पतालमा दैनिक बिरामीको सङ्ख्या बढेपछिनगरपालिकाअन्तर्गतका स्वास्थ्यकर्मीलाई अस्पतालमा खटाउने तयारी गरिएको छ । अस्पतालमा जनशक्ति कम भएको जानकारीमा आएपछि नगरपालिकाले एक डाक्टर, दुई जना ल्याबका कर्मचारी र दुई जनालाई इमर्जेन्सीमा परिचालन गर्न लागिएको उहाँले जानकारी दिनुभयो । शाखा प्रमुख सोतीले भन्नुभयो, "अस्पतालमा दैनिक बिरामीको सङ्ख्या बढेको र अस्पतालको जनशक्तिले धान्न नसक्ने अवस्था आएको जानकारी भएपछि नगरपालिकाबाट तत्कालका लागि पाँच जना कर्मचारी खटाउन लागेका छौँ ।" नगरपालिकाले टोल–टोलमा डेङ्गुसम्बन्धी सचेतनासमेत सुरु गरेको छ । सोतीले डेङ्गु नियन्त्रण रोकथामका लागि औषधि छर्कनेदेखि स्वास्थ्यसम्बन्धी विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

गत भदौ महिनाको अन्तिम सातायता डेङ्गुको सङ्क्रमण फैलिँदै गएपछि स्वास्थ्यकर्मी परिचालन गरी सचेतना कार्यक्रम सञ्चालन गरिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले प्रत्येक वडा–वडामा स्वास्थ्य सचेतना सञ्चालन भइरहेको छ ।"

स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शङ्करबाबु अधिकारीले जिल्लामा डेङ्गुको सङ्क्रमण बढेकाले सतर्कता अपनाउन आग्रह गर्नुभयो । डेङ्गु सङ्क्रमित बढेसँगै स्वास्थ्य संस्थामा शय्याको अभाव भएको छ । दमौली अस्पतालमा अधिकांश बिरामी डेङ्गुका छन् । एक्कासी तीनदेखि पाँच दिनसम्म ज्वरो आउनु यो रोगको मुख्य लक्षण हो । यसरी आएको ज्वरो पाँचदेखि सात दिनसम्म रहिरहन सक्दछ । यसका साथै बेस्सरी टाउको दुख्नु, आँखाको गेडी दुख्नु, शरीरमा डाबर आउनु, अरुचि हुनु, जोर्नी तथा मांशपेशी बेस्सरी दुख्नु, पेट तथा आन्द्रामा गडबडी हुनु पनि डेङ्गुको लक्षण हुन् ।

दमौली अस्पतालका प्रमुख डा परिवर्तन बरालका अनुसार डेङ्गुबाट बच्चका लागि मुख्यतयाः लामखुट्टेको टोकाइबाट जोगिनुपर्दछ । पूरा शरीर ढाकिने गरी कपडा लगाउनु, लामखुट्टेको टोकाइबाट बच्न मल्हमजस्ता सामग्री प्रयोग गर्नु, सधैँ राति र दिउँसो पनि झुलभित्र सुत्ने, घरवरपर खेतबारीमा काम गर्न जाँदा लामखुट्टेको टोकाइबाट बच्न ध्यान पुर्‍याउनु यसबाट बच्ने प्रमुख उपाय हुन् ।

# जलविद्युत आयोजनाको सहयोगमा विद्यालय भवन निर्माण

पोखरापत्र संवाददाता
दमौली, ९ असोज

तनहुँ जलविद्युत आयोजनाको सहयोगमा भिमाद नगरपालिका–५ऋषिङपाटनस्थित दीपक माध्यमिक विद्यालयको भवन निर्माण सुरु गरिएको छ ।

सामाजिक उत्तरदायित्व विकास कार्यक्रममार्फत् उक्त आयोजनाले विद्यालयको सुविधासम्पन्न भवन निर्माणमा सहयोग पऱ्याएको हो । निर्माणाधिन भवन शिलान्यास गर्दै नगरप्रमुख दधिराज सुवेदीले यस आयोजनाले शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो । आयोजनाबाट असर पर्ने क्षेत्रमा आयोजनाले शिक्षा, स्वास्थ्य, खानेपानीलगायत पूर्वाधार क्षेत्रमा गरेको काम सकारात्मक रहेको उहाँको भनाइ थियो । रु ९४ लाख ५७ हजारको लागतमा निर्माण सुरु गरिएको भवन विसं २०८१ माघ २४ गतेभित्र सम्पन्न गर्ने लक्ष्य रहेको आयोजनाका निमित्त प्रमुख हरिकुमार श्रेष्ठले जानकारी दिनुभयो । उक्त आयोजनाले त्यस क्षेत्रमा आवश्यकताअनुसारको विकास निर्माणमा सहयोग गरेको उहाँले बताउनुभयो ।

विद्यालयको भवन जीर्ण रहेकाले नयाँ भवनको आवश्यकता खड्किएको बेला आयोजनाको सहयोगले पठनपाठनमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

उक्त आयोजनामार्फत् व्यास नगरपालिका–५ वेनीपाटनमा पराशर माध्यमिक विद्यालयको भवन पनि निर्माण भइरहेको छ । नगरपालिकाले उपलब्ध गराएको जग्गामा विद्यालयको दुई तले आठ कोठा भवनको काम भइरहेको हो । भवन निर्माणका लागि आयोजना र निर्माण व्यवसायी ऐञ्जल पारस जेभीबीच रु एक करोड ३८ लाख २४ हजारको लागतमा ठेक्का सम्झौता भएको थियो । विद्यालय भवन १८ महिनाभित्रमा निर्माण गर्ने लक्ष्य छ । आयोजनाबाट पीडित विभिन्न पालिकामा सामाजिक उत्तरदायित्वअन्तर्गत् नाला, तटबन्ध र आमा समूहको भवन निर्माणका साथै सडक बत्ती जडान, नदी नियन्त्रणलगायत काम हुँदै आएको तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

आयोजना निर्माणका लागि समुदायको महत्वपूर्ण भूमिका रहने भएकाले सामाजिक कामलाई प्राथमिकता दिइएको उहाँको भनाइ थियो । प्रबन्ध सञ्चालक श्रेष्ठले भन्नुभयो, "समुदायसँग सहकार्य गर्दै आयोजनालाई सम्पन्न गराउनेतर्फ हामी लागिपरेका छौ, विभिन्न सामाजिक काममा आयोजनाको तर्फबाट सहयोग रहँदै आएको छ ।"

# जिपीमा दश शैयाको डेङ्गु उपचार कक्ष

पोखरापत्र संवाददाता
पोखरा, ९ असोज

शुक्लागण्डकी नगरपालिका–५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रले दश शय्याको डेङ्गु उपचार कक्ष बनाएको छ । डेङ्गु सङ्क्रमितको सहजरूपमा उपचारका लागि अस्पतालले दश शय्याको छुट्टै कक्ष बनाएको हो । केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठका अनुसार हालसम्म तीन सय १८ जनाको परीक्षण गरिएकामा ४३ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको छ । आज छ जना बिरामी कक्षमा भर्ना छन् । गम्भीर अवस्थाका बिरामीलाई मात्रै अस्पतालमा भर्ना गर्ने गरिएको उहाँले जानकारी दिनुभयो ।

स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शङ्करबाबु अधिकारीले डेङ्गु नियन्त्रणका लागि सचेतनाका कार्यक्रम अगाडि बढाइए पनि न्यूनीकरण हुन नसकेको बताउनुभयो । उहाँका अनुसार आजसम्म जिल्लामा एक हजार नौ सय ९४ जनामा डेङ्गु सङ्क्रमण भएको छ ।


## धितोमा रहेको जग्गा डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०६/१०, पोखरापत्र राष्ट्रिय दैनिक

तपसिल बमोजिमका तपाई ऋणीले यस बाराही बचत तथा ऋण सहकारी संस्था लि. पोखरा–१७ कास्कीबाट देहाय बमोजिम जग्गा धितो कर्जाको संस्थालाई बुझाउनुपर्ने साँवा, ब्याज, हर्जना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गरिएको एवम् मिति २०७९/०८/२० गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा बुझाउने बारे ३५ दिने सूचना प्रकाशित गरिएको र मिति २०८०/०४/०९ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलामीको सूचना प्रकाशित गर्दा समेत समेत ऋणीले कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले पुनः यो जरुरी सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन ऋणी, धन जमानी दिनुहुने व्यक्तिलाई यो सार्वजनिक सूचना जारी गरिएको छ । उल्लेखित ३५ दिन भित्र कर्जा चुक्ता नगरेमा संस्थालाई लेखिदिएको धितो चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रचलित सहकारी मापदण्ड तथा संस्थाको विनियम समेतले लिएको अधिकार प्रयोग गरी सूचना प्रकाशित भएको मितिले ३६ औं दिन धितो जग्गा लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैमा जानकारीका लागि यो जरुरी सूचना प्रकाशन गरिएको छ । तपसिलमा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा धितो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुर उपर नभई बाँकी रहेमा ऋणी लगायत कर्जाको व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पत्तिबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ ।

### तपसिल

| क्र.सं. | ऋणी सदस्यको तीन पुस्ते विवरण | | धितो विवरण |
|---|---|---|---|
| १ | **ऋणीः धर्मदत्त पौडेल**<br>बाबुको नामः शोभाखर पौडेल<br>नागरिकता नं.: ३७२७७, पर्वत<br>बाजेको नामः हरिलाल पौडेल<br>ठेगानाः आर्थर डाँडाखर्क–७, पर्वत<br>हालः पोखरा–५, कास्की<br>**जमानी दिनेको विवरणः**<br>नामः सावित्री आचार्य पौडेल<br>पतिको नामः धर्मदत्त पौडेल<br>ससुराको नामः शोभाखर पौडेल<br>ठेगानाः पोखरा–५, कास्की |  | ऋणीको नाममा रहेको कास्की जिल्ला पोखरा–१६,<br>कित्ता नं.–२१,<br>क्षेत्रफल–४१४.५० वर्ग मिटरको जग्गा ।<br>**कर्जा विवरण**<br>सावाँः ३८,५०,०००/–<br>ब्याँजः १०,४६,६१०/–<br>विलम्वः २८,३९०/–<br>अन्यः २५,०००/–<br>**कुल रकमः ४९,५०,०००/–** |

**धितो लिलाम सम्बन्धी शर्तहरु :**

१. संस्थाको तर्फबाट धितो लिलाम बिक्रीको सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र ऋणी वा जमानीबाट सम्पूर्ण कर्जा चुक्ता हुन नसकेमा ३६ औं दिन अर्थात मिति २०८०/०७/१५ गते बुधबार दिनको १:०० बजेदेखि यस संस्थाको कार्यालय पोखरा–१७, कास्कीमा लिलाम डाँक बढाबढ सम्बन्धी कार्यक्रम हुनेछ । उक्त दिन बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तीमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनुपर्नेछ ।
३. धितो डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तीमा १० (दश) प्रतिशतले हुने नगद रकम धरौटी बापत त्यसै दिन संस्थामा जम्मा गर्नुपर्नेछ ।
४. लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनुपर्नेछ । बुझाउनुपर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको धरौटी रकम स्वतः जफत हुनेछ । लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन ।
५. डाँक बढाबढको सुरुवात अंक चल अचल सम्पत्तिको न्यूनतम मूल्याङ्कनबाट सुरुवात गरिनेछ ।
६. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ऋणीले संस्थालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
७. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजस्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजस्व कर, दस्तुर एवं अन्य भैपरी खर्च धितो जग्गा स्विकार गर्ने बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८. धितो सम्पत्ति लिलाम बढाबढमा कसैले नसकारेमा संस्था आफैले सकार गर्न सक्नेछ ।
९. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयंको ज्येथाले व्यहोर्नु पर्नेछ । डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार यसै संस्थामा सुरक्षित रहनेछ ।
१०. अन्य थप जानकारीका लागि संस्थाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा–१७, कास्की, फोन नं.: ०६१–४५३१८७**